# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. को

## प्रथम वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभा:

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजंग पाण्डेज्यूको अध्यक्षतामा शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौमा मिति २०७५ वैशाख ७ गते तदनुसार २० अप्रिल २०१८, शुक्रवार दिउंसो १:०० बजे सम्पन्न भयो ।

२. सूचना प्रकाशन:

कम्पनीको प्रथम वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७४/१२/०९ मा आर्थिक अभियान, राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७४/१२/१५ मा सोही पत्रिकामा दोस्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा प्रथम वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

३. छलफलका विषयहरु:

(क) सामान्य प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०६३/०६४ देखि २०७३/०७४ सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने ।
३. आ.व. २०६३/०६४ देखि आ.व. २०७३/०७४ सम्मको लागि सञ्चालक समितिबाट नियुक्त विभिन्न लेखापरीक्षकहरुको नियुक्ति एवम् पारिश्रमिक अनुमोदन गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकले पाउने बैठक भत्ता तथा सुविधा स्वीकृत गर्ने ।

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. काठमाडौं

६. सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने ।
७. सञ्चालक समितिको निर्वाचन गर्ने ।

(ख) विषेश प्रस्तावहरु:

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

(ग) विविध ।

४. सभाको गणपूरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत (%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ९० | ४६।१५ |
| शेयर संख्या | १,७५,००,००० | १,२२,८०,००० | ७०।१७ |

५. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम ५ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री प्रदिपजंग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

यसका साथै सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले कम्पनीले आफ्नो व्यवसायिक कारोवार शुभारम्भ गरे देखि हालसम्म हासिल गरेको उपलब्धी, कम्पनीले प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु तथा कम्पनीको भावी रणनीति आदिको बारेमा सभालाई जानकारी गराउनुभयो ।

६. निर्णयहरु: साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

काठमाडौं

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा: सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०६३/०६४ देखि २०७३/०७४ सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा: लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०६३/०६४ देखि २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरण सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

३. आ.व. २०६३/०६४ देखि आ.व. २०७३/०७४ सम्मको लागि सञ्चालक समितिबाट नियुक्त विभिन्न लेखापरीक्षकहरुको नियुक्ति एवम् पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा: आ.व. २०६३/०६४ देखि आ.व. २०७३/०७४ सम्मको लागि सञ्चालक समितिबाट नियुक्त विभिन्न लेखापरीक्षकहरुको नियुक्ति एवम् पारिश्रमिक देहाय बमोजिम सर्वसम्मतिले अनुमोदन गरियो ।

| आ.व. | लेखापरीक्षकको नाम | पारिश्रमिक |
|---|---|---|
| २०६३/०६४ देखि २०६६/०६७ | श्री जी. एण्ड जी. एसोसियट्स | प्रथम तीन वर्ष वार्षिक रु. ५,०००/- अन्तिम वर्ष रु. १५,०००/- |
| २०६७/०६८ देखि २०६९/०७० | श्री सेवा पाठक एण्ड एसोसियट्स | वार्षिक रु. २०,०००/- |
| २०७०/०७१ | श्री देवकी विजय एण्ड कम्पनी | वार्षिक रु. २८,२५०/- |
| २०७०/०७१ देखि २०७३/०७४ | श्री एम.के. शाह एण्ड एसोसियट्स | वार्षिक रु. २८,२५०/- |

४. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा: कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/०७५ को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर वाहेक रु. १,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैयां मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री देवकी विजय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स लाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

५. सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत सञ्चालकले पाउने बैठक भत्ता तथा सुविधा स्वीकृत गर्ने सम्बन्धमा: सञ्चालक समितिका सदस्यहरु सञ्चालक समितिको वैठकमा उपस्थित हुंदा वैठक भत्ता वापत समितिका अध्यक्षलाई प्रति वैठक रु.१२,०००/- (अक्षरुपी बाह्र हजार रुपैयां मात्र) र सञ्चालकलाई प्रति वैठक रु. १०,०००/-(अक्षरुपी दश हजार रुपैयां मात्र) तथा कम्पनीमा गठन हुने विभिन्न

समिति/उपसमितिका सदस्यहरुको वैठक भत्ता वापत प्रति वैठक रु. ५,०००/-(अक्षरुपी पांच हजार रुपैयां मात्र) उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

६. सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा: कम्पनीको कुल जारी पूंजीको तीस प्रतिशत अर्थात पचहत्तर करोड रुपैयां बराबरको साधारण शेयर नियमनकारी निकायको स्वीकृतिलिई सार्वजनिक निष्काशन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

७. सञ्चालक समितिको निर्वाचन गर्ने सम्बन्धमा:

क. स्वतन्त्र र व्यवसायिक सञ्चालकको नियुक्ति सम्बन्धमा: कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावलीको अधिनमा रही सञ्चालक समितिको सिफारिस बमोजिम बीमा क्षेत्रमा लामो अनुभव तथा दक्षता भएका श्री इन्द्र प्रसाद कर्माचार्यज्यूलाई स्वतन्त्र र व्यवसायिक सञ्चालकमा नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

ख. संस्थापक शेयरधनी समूहको सञ्चालक निर्वाचन सम्बन्धमा: कम्पनीका संस्थापक शेयरधनीको तर्फबाट कम्पनीको नियमावली बमोजिम पांच जना सञ्चालक समिति सदस्यको लागि पांच जना व्यक्तिहरुबाट मनोनयन दर्ता भएको सञ्चालक समितिको निर्वाचनका निर्वाचन अधिकृत नियुक्त श्री रुद्र प्रसाद शर्माले सभामा जानकारी गराउनु भयो । यसरी संस्थापक समूहको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पांच जना सञ्चालक आवश्यक रहेकोमा पांच जनाको मात्र मनोनयन परेको तथा मनोनयनदाताको विरुद्धमा कुनै उजुरी समेत नपरेकोले संस्थापक शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न देहायका व्यक्तिहरु निर्विरोध रुपमा सञ्चालकमा नियुक्त भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१. श्री प्रदिपजङ्ग पाण्डे
२. श्री सुमित कुमार अग्रवाल
३. श्री अनोज रिमाल
४. श्री मनोज कार्की
५. श्री महेश स्वांर

(ख) विषेश प्रस्तावहरु:

८. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धमा: कम्पनी ऐन, २०६३ ले निर्दिष्ट गरेको ढांचामा कम्पनीको प्रबन्धपत्र तथा नियमावली परिमार्जन तथा संशोधन गर्न आवश्यक भएकोले सो संशोधन गर्ने सम्बन्धी विषेश प्रस्ताव माथि छलफल हुंदा सभामा उपस्थित शेयरधनीबाट प्रस्तावित नियमावलीको नियम ३१ को उप

काठमाडौं

नियम (१) मा “तर सर्वसाधारणको लागी छुट्ट्याइएको शेयरको सार्वजनिक निष्कासन नभएसम्म सो समूहको सञ्चालकको सट्टा संस्थापक समूहबाट आवश्यकता अनुसार सञ्चालक समितिले सञ्चालक नियुक्त गर्न सक्ने छ” भन्ने प्रतिबन्धात्मक वाक्य थप गर्ने संशोधन प्रस्ताव पेश गर्नुभएकोमा सभाले सो संशोधन प्रस्तावलाई समेत समावेश गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै संशोधित प्रबन्धपत्र तथा नियमावलीमा श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री बीमा समिति वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

७. धन्यवाद ज्ञापन:

यस बाहेक अन्य विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी विशेष साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

दिप बहादुर वि.सी.
कम्पनी सचिव

प्रदीप जङ्ग पाण्डे
अध्यक्ष